मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कम्हरिया,रुपन्देही

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनका लागि प्रस्ताव माग सम्बन्धि सूचना ।

प्रथम पटक सुचना प्रकाशित मिति : २०७९/०५/२३

यस मायादेवी गाँउपालिका कृषि विकास शाखा कम्हरिया रुपन्देहीको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आ.व ०७९/०८० को स्वीकृत बार्षिक कार्यलक्ष्यनुसार तपसिल बमोजिमका पकेट विकास कार्यक्रमहरु संचालन गर्न ईच्छुक मायादेवी गाउँपालिकाका ८ वटै वडाका कृषक समूह/कृषि सहकारीले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव सहित देहायअनुसारका कागजातहरु सहित यस मायादेवी गाउँपालिकाको कार्यालय कृषि विकास शाखा कम्हरिया रुपन्देहीमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

### तपसिलका पकेट संचालनका मापदण्ड

| क्र.स | बाली | पकेट निर्माण संख्या | आवश्यक न्यूनतम क्षेत्रफल र मापदण्ड |
|---|---|---|---|
| १ | गहुँ बाली | १ वटा | ❖ न्यूनतम २० हेक्टर ६०० कठ्ठामा गहुँ बालीको खेति गरिनुपर्ने।<br>❖ खेती गरिने जग्गा एउटै कलस्टरमा सकभर हुनु पर्ने ।<br>❖ कार्यक्रम वाट बजेटको परिधिभित्र रही चालु कार्यक्रम अनतर्गत उन्नत बीउ,तालिम,प्रविधि प्रर्दशन,र प्राङ्गारिकमल लगायत अन्य उत्पादन समाग्रीमा सहयोग।<br>❖ कार्यक्रम वाट बजेटको परिधिभित्र रही पुजीगत कार्यक्रम अनतर्गत सिचाई पुर्वाधार लगायत अन्य आवश्यकतानुसार समाग्रीहरुमा सहयोग ।<br>❖ कार्यक्रमसंचालन लागत साझेदारीको रुपमा उत्पादन समाग्रीमा ५० प्रतिशत,प्राविधिक सहयोगमा १०० प्रतिशत र कृषि ओजार तथा उपकरणमा ५० प्रतिशत अनुदान । |
| २ | धान बाली | १ वटा | ❖ न्यूनतम २० हेक्टर ६०० कठ्ठामा धान बालीको खेति गरिनुपर्ने।<br>❖ खेती गरिने जग्गा एउटै कलस्टरमा सकभर हुनु पर्ने ।<br>❖ कार्यक्रम वाट बजेटको परिधिभित्र रही चालु कार्यक्रम अनतर्गत उन्नत बीउ,तालिम,प्रविधि प्रर्दशन,र प्राङ्गारिकमल लगायत अन्य उत्पादन समाग्रीमा सहयोग।<br>❖ कार्यक्रम वाट बजेटको परिधिभित्र रही पुजीगत कार्यक्रम अनतर्गत सिचाई |

| | | | |
|---|---|---|---|
| | | | पुर्वाधार लगायत अन्य आवश्यकतानुसार समाग्रीहरुमा सहयोग ।<br>❖ कार्यक्रमसंचालन लागत साझेदारीको रुपमा उत्पादन समाग्रीमा ५० प्रतिशत,प्राविधिक सहयोगमा १०० प्रतिशत र कृषि ओजार तथा उपकरणमा ५० प्रतिशत अनुदान |
| ३ | गत आ.व.को तरकारी पकेटको निरन्तरता | पुरानो तरकारी पकेटलाई निरन्तरता दिने | गत आर्थिक वर्ष ०७८/०७९ मा कार्यालय वाट तरकारी पकेट कार्यक्र संचालन गरेको समितीलाई वजेटको परिधिभित्र रही PIM Mannual -२०७७ मा भएको व्यवस्था अनुसार निरन्तरता दिने । |

आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु ( क.स १ देखि २ सम्मका लागि मात्र )

- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- समवन्धित निकायमा दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि ।
- कार्यसमितिको निर्णयको प्रतिलिपि ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- प्रस्तावित आयोजना संचालन हुने क्षेत्रका आवश्यक न्यूनतम क्षेत्रफल पुर्याउनका लागि जग्गाधनिका लालपुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचालन गर्ने हकमा न्यूनतम ५ बर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झोताको प्रतिलिपि ।
- पान (PAN) र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै गत आ.व को लेखापरिक्षण प्रतिवेदन ।
- परियोजना म्यानुअलमा रहेको अनुसूची-६ बमोजिम ढाचाको निवेदन र अनुसूची -७ बमोजिमको तथ्याङ्क विवरण भरिएको फारम ।

पुनश्च : कार्यक्रम सम्बन्धि निवेदन तथा प्रस्तावनाको ढाचा यस मायादेवी गाउँपालिकाको अधिकारिक वेबसाइट **www.mayadevimunrupandehi.gov.np** वाट डाउनलोड गरि प्राप्त गर्न सकिन्छ ।थप जानकारीका लागि मायादेवी गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्नुहुन सम्पुर्णमा अनुरोध छ।विगतमा पकेट विकस कार्यक्रम वाट वञ्चित वडाहरुलाई विशेष प्रथमिकता दिइनेछ र साथै कुनै पनि बाली वस्तुको पकेट निर्धारण भैसकेको क्षेत्रलाई पुन: अर्को पकेट क्षेत्र निर्धारण गरिने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ : श्री सुचना प्रविधि शाखा सवै वडा कार्यालयमा ईमेल तथा यस गा.पा.को वेभपेजमा अपलोड गरिदिनुहुन ।